पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८१।०१।१८ गते आ.ब. २०८०/८१ बैठक क्र.सं.१२

आज मिति २०८१।०१।१८ गते पैंयू गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री तोरण मल्ल ठकुरी ज्यूको अध्यक्षतामा देहाय बमोजिम सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

| सि.नं. | नाम | पद | | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री तोरण मल्ल ठकुरी | अध्यक्ष | अध्यक्ष | | |
| २ | श्री याम कुमारी राना | उपाध्यक्ष | सदस्य | | |
| ३ | श्री मिन प्रसाद न्यौपाने | १ नं. वडा अध्यक्ष | सदस्य | | |
| ४ | श्री नरभूपाल काफ्ले | २ नं. वडा अध्यक्ष | सदस्य | | |
| ५ | श्री चन्द्र बहादुर थापा | ३ नं. वडा अध्यक्ष | सदस्य | | |
| ६ | श्री टुकलाल न्यौपाने | ४ नं. वडा अध्यक्ष | सदस्य | | |
| ७ | श्री नारायण भुर्तेल | ५ नं. वडा अध्यक्ष | सदस्य | | |
| ८ | श्री गंगाधर अधिकारी | ६ नं. वडा अध्यक्ष | सदस्य | | |
| ९ | श्री तोयनाथ शर्मा | ७ नं. वडा अध्यक्ष | सदस्य | | |
| १० | श्री मिठु क्षेत्री | ३ नं. वडा महिला सदस्य | सदस्य | | |
| ११ | श्री चन्द्रकला न्यौपाने | ६ नं. वडा महिला सदस्य | सदस्य | | |
| १२ | श्री सर्मिला नेपाली | ४ नं.वडा दलित महिला सदस्य | सदस्य | | |
| १३ | श्री उमादेवी बि.क. | ५ नं.वडा दलित महिला सदस्य | सदस्य | | |
| १४ | श्री फूलमाया सुनार | दलित सदस्य | सदस्य | | |
| १५ | श्री बविता हिताङ | दलित सदस्य | सदस्य | | |
| १६ | श्री राजीव रिमाल | प्रमुख प्रशासकीय अधिकृत | सचिव | | |
| १७ | सरिता ढुंगे | लेखा अधिकृत | अन्य उपस्थिति | | |
| १८ | | | अन्य उपस्थिति | | |

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०१।१८ गते                                        आ.ब. २०८०/८१ बैठक क्र.सं.१३

निर्णयहरु :

१. पैयुँ गाउँपालिकाको आ.व २०८०/८१ मा वन वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत **जोखिमयुक्त रुख कटान कार्यक्रम**का लागि रुख कटान गर्ने वडा बाट सिफारिस भइ कार्य गरेका २ जना कामदारहरुलाई दैनिक ज्यालादारीमा काम गरेको प्रमाणित प्रतिलिप र वडाको सिफारिस बमोजिम दक्ष कामदारले दैनिक प्राप्त गर्ने रु ११०० का दरले १ महिनामा नबढ्ने गरि भुक्तानी गर्ने निर्णय गरियो ।

२. प्रदेश लोक सेवा आयोग,गण्डकी प्रदेश,पोखराको विज्ञापन नं. ७०४१/२०८०-८१ च.नं. ९४ मिति २०८१/०१/१४ गतेको सिफारिस पत्रानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को दफा १६ बमोजिम स्वर्गद्वारी नगरपालिका-२ प्यूठान स्थायी ठेगाना भएका गिरीराज रोका मगरलाई मिति २०८१/०१/१७ गतेदेखि ज्येष्ठता कायम हुने र एक बर्ष परीक्षण काल रहने गरी स्थानीय प्रशासन सेवा, शिक्षा प्रशासन समूह, सातौं तह, शिक्षा अधिकृत पदमा स्थायी नियुक्ति गर्ने निर्णय गरियो ।

३. पैयूँ गाउँपालिकाको **" मर्मत सम्भार कोष संचालन कार्यविधि, २०८१"** पारित गर्ने निर्णय गरियो।

४. संघीय ससर्त अन्तर्गत पशु सेवा तर्फ विनियोजन भएको भैंसी प्रबर्द्धन कार्यक्रम ( वडा नं ६ ) तर्फ आएको ८,१३,००० रकम प्रदेश तथा स्थानीय तहमा **सशर्त वित्तीय हस्तान्तरित पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८० को परिच्छेद ४ को ११.२ को उत्पादनमा आधारित अनुदान कार्यक्रमहरुको सी.नं १ (ख) पशुपालन प्रबर्द्धन कार्यक्रम र व्यावसायिक पशुपलान कार्यक्रम** अन्तर्गत तपसिल बमोजिमको सर्त रहने गरि संचालन गर्ने निर्णय गरियो

- प्रति भैंसीको अधिकतम मूल्य १,४०,००० ( रु एक लाख चालिस रुपैया मात्र ) तोक्ने
- अधिकतम मुल्यमा नबढ्ने गरी खरिद गरेको मूल्य मा ५०% कृषकको साझेदारी हुने गरी रकम भुक्तानी गर्ने ( अधिकतम रकम भन्दा कम मूल्यमा खरिद गरे सोहि रकमको ५०% साझेदारी गर्ने )
- कृषकले दर्ता भएका व्यावसायिक फर्मबाट खरिद गरेको विल भरपाई, वडाको सिफारिस र प्राविधिक अनुगमनको सिफारिस पेश गर्नुपर्ने
- प्रति फर्म अधिकतम ५ वटा भैसी वितरण गर्न सकिने
- ३ बर्ष भैसी नबेच्ने प्रतिबद्धता सहितको कागजात पेश गर्नुपर्ने
- अनुसूची ६ बमोजिमको थप प्रतिबद्धता पेश गर्नुपर्ने

५. पैयुँ गाउँपालिकाको वडा नं ५ मा रहेको फोहोरमैला व्यवस्थापन केन्द्रमा फोहोरमैला व्यवस्थापन गर्न प्रत्येक महिना २ पटक फोहोर उठाउने गरी प्रति दिन रु १०,००० का दरले ट्रयाक्टर भाडामा लिई फोहोर उठाउने निर्णय गरीयो । साथै उक्त फोहोरमैला व्यवस्थापन कार्यमा नियुक्ति गरिने सरसफाई कर्मचारीलाई नेपाल राजपत्रमा प्रकाशित श्रमिकको न्युनतम पारिश्रमिक मासिक रु १७,३०० भुक्तानी दिने निर्णय गरियो ।

६. पैयुँ गाउँपालिकाको गाउँ सभाको १३ औं अधिवेशनबाट स्वीकृत **रागो पालन अनुदान कार्यज्यालादारी क्रम साझेदारी नया** अन्तर्गत प्रति राँगो रु २०,०००/- तपसिलको सर्त बमोजिम अनुदान स्वरूप दिने निर्णय गरियो.

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८१।०१।१८ गते	आ.ब. २०८०/८१ बैठक क्र.सं.१३

- रागो पालेर व्यावसायिक रुपमा काम गरेको प्राविधिकको अनुगमन प्रतिवेदन
- वडाको सिफारिस
- ३ बर्ष रागो नबेच्ने प्रतिबद्धता

७. पैयुँ गाउँपालिकाको मिति २०८०/११/२२ गते सेवा करारमा दरखास्त आह्वान सम्बन्धी सूचना (अमिन) पदको विज्ञापनमा प्राप्त दरखास्त आवेदनहरुको न्युनतम योग्यताका सन्दर्भमा गण्डकी प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८० को अमिन पदको न्युनतम योग्यतामा मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी/एस.ई.ई वा सो सरह उतिर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा एक बर्षको तालिम प्राप्त गरेको रहेकोमा सोहि बमोजिम नै न्युनतम योग्यता रहने गरि उम्मेदवार छनौट गर्ने निर्णय गरियो ।

८. पैयुँ गाउँपालिकाको आ.व २०८०/८१ को हाल सम्मको सार्वजनिक सुनुवाई २०८१ जेष्ठ ५ गर्ने निर्णय गरियो ।

९. श्रावण महिनामा आकस्मिक रुपमा डोजर संचालन गरी पहिरो पन्छाउने तथा बाटो सरसफाई कार्यको लागि तपसिल बमोजिमको डोजर संचालन खर्च प्राविधिक मुल्यांकनका **आधारमा विपद व्यवस्थापन शिर्षकबाट** खर्च गर्ने निर्णय गरियो ।

| क्र,स | वडा नं | निर्माण व्यवसायीको नाम | प्रयोग भएको घण्टा | रकम |
|---|---|---|---|---|
| १. | २ | गुरुङ निर्माण सेवा | २२ | ७७,००० |
| २. | ६ | Kings Construction Pvt.Ltd | ३ | १०५०० |
| ३ | ७ | Kings Construction Pvt.Ltd | १५.५ | ५४२५० |

१०. महिला, शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्र संघ सुरक्षा परिषद प्रस्ताव नं १३२५ र १८२० कार्यन्वयनको लागि तयार गरिएको दोस्रो राष्ट्रिय कार्ययोजना ( ०७९/८०-०८१/८२) कार्यान्वयन गर्ने स्थानीय तह कार्ययोजना कार्यन्वयन समिति तपसिल बमोजिमले गठन गर्ने निर्णय गरियो ।

- अध्यक्ष तोरण मल्ल ठकुरी — संयोजक
- सामाजिक विकाश शाखा प्रमुख गोविन्द राज सुवेदी — सदस्य
- द्वन्द प्रभावित संजालका प्रतिनिधि विष्णु गौतम, पैयुँ-४ — सदस्य
- नागरिक समाजको तर्फबाट प्रतिनिधि लाल ब. प्रधान, पैयुँ-४ — सदस्य
- गैर सरकारी संस्थाका प्रतिनिधि , अर्जुन बस्याल, पैयुँ-४ — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत राजीव रिमाल — सदस्य सचिव

११. पैयुँ गाउँपालिकाका विद्यालयका कक्षा ६ का विद्यार्थीहरुलाई आ.व २०८०/८१ को चैत्र ४ गते सम्मको दिवा खाजा अन्तर्गतको रकम बापतको प्रति विद्यार्थी रु १५ का दरले भुक्तानी गर्ने निर्णय गरियो

१२. "मृगौला प्रत्यारोपण गरेका डायलासिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीहरुलाई औषधी उपचार वापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८" बमोजिम तपसिल बमोजिमका व्यक्तिहरुलाई लाभग्राही बनाउने निर्णय गरियो

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०१।१८ गते — आ.ब. २०८०/८१ बैठक क्र.सं.१३

| क्र.स | नामथर | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | धनसरा पराजुली | पैयूँ गा.पा-४ | क्यान्सर रोगी |
| २. | टेक बहादुर राना | पैयूँ गा.पा- २ | मृगौला डायलाइसिस |

१३. पैयुँ गाउँपालिकाको मिति २०८०/०७/२४ गते प्रकाशित सूचना बमोजिम Upgradation of Jyamire Gaira Rato Chahara Setibeni Road PRM.NCB/W/R/PAR/01/2080-81 को ठेक्का सम्झौता भई कार्यदिश दिइएकोमा J.N.S Builders And Suppliers Pvt.Ltd को मिति २०८१/०१/०७ को पत्रानुसार नाका खोल्ने विषयमा स्थानीय जग्गा धनीहरुको विवादका कारण कार्य अवरोध भएको र मिति २०८१/०१/०४ गते विवाद समाधान गर्ने सहमति भई कार्य सुचारु गर्ने प्रतिबद्धता एवम Work Schedule सहित मिति २०८१/०३/१५ गते सम्म म्याद थपको निवेदन प्राप्त भएकोले मिति २०८१/०३/१५ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

१४. पैयुँ गाउँपालिकाका बिभिन्न वडाहरुमा आगलागीबाट खानेपानी पाइप क्षतिग्रस्त भएको र खानेपानी वितरणमा समस्या परेको अवस्थामा तत्काल खानेपानी पाइप उपलब्ध गराउन प्राविधिक मूल्यांकनको आधारमा विपद व्यवस्थापन शिर्षकबाट खानेपानी पाइप उपलब्ध गराउने निर्णय गरियो ।

१५. पशु सेवा शाखाबाट कार्यान्वयन हुने कृत्रिम गर्भाधान (AI) गर्न कार्यालयबाट खटिने कर्मचारीहरुलाई सम्बन्धित पशुधनिबाट रु ५००/- रुपैया लिन सक्ने गरि निर्णय गरियो ।

१६. पैयुँ गाउँपालिका वडा नं ३ का नारन काफ्ले मृगौला रोगबाट पिडित भएको र निजको आर्थिक अवस्था अत्यन्तै कमजोर रहेकोले निजको उपचार खर्च बापत रु ३०,०००( रु तिस हजार मात्र ) रकम आर्थिक सहायता स्वरूप उपलब्ध गराउने निर्णय गरियो ।

१७. खानेपानी, सरसफाई तथा स्वच्छता (WASH) योजना निर्माणका लागि तथ्यांक संकलन गर्न किसान सूचीकरणमा छनौट भएका गणकहरुलाई नै परिचालन गर्ने र तथ्यांक संकलन गर्न खटिने गणकहरुलाई भ्रमण भत्ता र इन्धन सुविधा बापत जेष्ठ र असार महिनाको मासिक एकमुस्ट २४,७०२ रकम भुक्तानी गर्ने निर्णय गरियो ।

१८. पैयुँ गाउँपालिकाको आ.व २०८०/८१ को पत्रकारिता प्रबर्द्धन शिर्षक अन्तर्गत विनियोजित रु ४,००,००० ( रु चार लाख रुपैया ) शिर्षकबाट पत्रकार महासंघ जिल्ला शाखा पर्वतलाई सम्झौता गरी रु ४,००,०००( रु चार लाख रुपैया ) उपलब्ध गराउने निर्णय गरियो ।

१९. पैयुँ गाउँ कार्यपालिकाको मिति २०८०/१०/२० गतेको कार्यपालिका बैठकको निर्णय बमोजिम पशु सेवा तथा विज्ञ केन्द्र पर्वतको आयोजना तथा पैयुँ गाउँपालिकाको सहजीकरणमा मिति २०८०/११/०६ मा सम्पन्न भएको सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण कार्यक्रममा भएको खर्चको बिल भरपाइ सहित पशु सेवा शाखा बाट पेश आएको खर्च रकम रु १,१०,५३५ **बिबिध दिवसीय कार्यक्रम** शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो

२०. पैयुँ गाउँपालिका र सिप विकास तालिम केन्द्र कुश्मा पर्वतको संयोजनमा संयुक्त रुपमा संचालन भएको ३ महिने बाल विकास शिक्षक तालिम ( Montessori Training ) मा जम्मा ३६जना सहभागी मध्ये १६

पैयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०१।१८ गते आ.ब. २०८०/८१ बैठक क्र.सं.१३

जना सहभागीको खर्च तथा प्रशिक्षकको ३ महिनाको दैनिक खाना र बास खर्च पैयुँ गाउँपालिकाको गाउँ सभाको १३ औं अधिवेशनबाट **इसिडी तालिम** नया शिर्षकमा विनियोजित रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

२१. पैयुँ गाउँपालिकामा मिति २०८०/०९/२३ देखि २५ सम्म आयोजना भएको मोतिबिन्दुको शल्यक्रिया सहितको आँखा शिविरमा भएको खर्चको प्रतिवेदन सहित स्वास्थ्य शाखाबाट पेश भएको खर्च रकम रु २,६४,८१० ( दुइ लाख चौसठ्ठी हजार आठ सय दश ) र मिति २०८०/०९/०९ गते बिशेषज्ञ सेवा सहितको बृहत स्वास्थ्य शिविरको स्वास्थ्य खर्च प्रतिवेदन सहितको खर्च रकम रु २,१२,०८८ ( दुइ लाख बाह्र हजार अठासी ) **मागमा आधारित शिर्षकबाट** भुक्तानी गर्ने निर्णय गरियो ।

२२. पुन युवा क्लबले पर्वत कुश्मामा आयोजना गरेको मगर महोत्सवको लागि पुन युवा क्लब पर्वतलाई आर्थिक सहायता स्वरूप पैयुँ गाउँपालिकाको गाउँ सभाको १३ औं अधिवेशनबाट **युवा तथा खेलकुद थप** शिर्षकमा विनियोजित रकमबाट रु १,००,०००( रु एक लाख मात्र ) उपलब्ध गराउने निर्णय गरियो

२३. पैयुँ गाउँपालिकाको गाउँ सभाको १३ औं अधिवेशनबाट **युवा तथा खेलकुद थप** शिर्षकमा विनियोजित रकमबाट तपसिल बमोजिमका क्लबहरुलाई बिभिन्न खेलकुद तथा सामाजिक सांस्कृतिक कार्यक्रमको लागि तपसिल बमोजिमले आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | क्लबको नाम | ठेगाना | सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सुर्योदय युवा क्लब | पैयुँ -७ | ५०००० | |
| २. | न्यु भिजन युवा क्लब | पैयुँ -४ | २५,००० | |
| ३. | नव सिर्जनशिल युवा क्लब | पैयुँ -२ | ७०,००० | |
| ४. | जनसेवी युवा क्लब | पैयुँ -२ | १००००० | |
| ५. | नेपाल मगर संघ पैयुँ गाउँपालिका | पैयुँ गा.पा | २,००,००० | |

२४. विपद व्यवस्थापन अन्तर्गत तपसिल बमोजिमका व्यक्तिहरुलाई तपसिल बमोजिमले विपद व्यवस्थापन बापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | नाम, थर | वडा नं. | क्षतिको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | टिकाराम भुसाल | १ | पहिरोले घर जोखिम | १० हजार | |
| २ | चन्द्र प्रसाद भुसाल | १ | पहिरोले घर जोखिम | १० हजार | |
| ३ | खिम प्रसाद न्यौपाने | १ | गोठ भत्केको | १० हजार | |
| ४ | कमला शर्मा | १ | गोठ भत्केको | १० हजार | |
| ५ | शेर बहादुर राना | २ | गोठ भत्केको | १० हजार | |
| ६ | मेघनाथ बस्याल | २ | गोठ जलेको | १५ हजार | |
| ७ | गोपी राना | २ | बाख्रा फर्म भत्केको | २० हजार | |
| ८ | झुमकला काफ्ले | ३ | पहिरो गएको | १० हजार | |
| ९ | पितम्बर बस्याल | ३ | गोठ भत्केको | १५ हजार | |

पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८१।०१।१८ गते

आ.ब. २०८०/८१ बैठक क्र.सं.१३

| | | | | | |
|---|---|---|---|---|---|
| १० | राम बहादुर सुनार | ३ | घर भत्केको | २० हजार | |
| ११ | सिता भुसाल | ४ | पहिरोले घरमा क्षती पुर्याएको | ४० हजार | भुसाल पहिरो |
| १२ | विष्णु प्रसाद भुसाल | ४ | | | |
| १३ | डोलराज भुषाल | ४ | पहिरोले घर जोखिममा परेको | | |
| १४ | शिवलाल भुषाल | ४ | | | |
| १५ | मन बहादुर सार्की | ४ | पहिरोले गोठ क्षति | १० हजार | |
| १६ | भागीरथ बस्याल | ४ | पहिरो गएको | १५ हजार | |
| १७ | पुनम रिजाल | ४ | गोठ जलेको | १५ हजार | |
| १८ | लाल बहादुर दमै | ४ | गोठ भत्केको | १५ हजार | |
| १९ | चित्र प्रसाद पंगेनी | ४ | पहिरोले घर जोखिममा | १० हजार | |
| २० | गौमाया फुदाली | ५ | पहिरोले घर क्षति | १५ हजार | |
| २१ | राजु न्यौपाने | ५ | गोठ जलेको | १५ हजार | |
| २२ | इन्द्र बहादुर वि.क. | ५ | पहिरो गएको | १० हजार | |
| २३ | सर्वजित वि.क. | ५ | घरमा पहिरोले क्षति | १० हजार | |
| २४ | टिका बहादुर राना | ६ | रुख कटानी गर्दा शौचालय भत्केको | १५ हजार | |
| २५ | पूर्ण थापा | ६ | घर भत्केको | १५ हजार | |
| २६ | चुडामणी सापकोटा | ६ | रुख कटानी गर्दा शौचालय भत्केको | १५ हजार | |
| २७ | टेक बहादुर सिदाली | ७ | गोठ जलेर भैंसी जलेर मरेको | २० हजार | |
| २८ | मान सिंह गुरुङ्ग | ७ | गोठ भत्केको | १५ हजार | |
| २९ | भिम बहादुर गुरुङ्ग | ७ | गोठ भत्केको | १५ हजार | |
| **जम्मा** | | | | | |

पैयूँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल
☎ 067 – 411101, 067 – 411102
✉ paiyungapa@gmail.com
🌐 www.paiyunmun.gov.np

प.स: ०८०/८१
च.नं :१६६८

मितिः-२०८१।०१।१६

विषय:- कार्यपालिका बैठक सम्बन्धमा ।

श्री कार्यपालिका सदस्यज्यूहरु सबै,
पैयूँ गाउँपालिका, पर्वत ।

प्रस्तुत विषयका सम्बन्धमा यस पैयूँ गाउँकार्यपालिकाको बैठक निम्न बमोजिमका एजेण्डामा छलफल हुनेगरी तपसिलको मिति, स्थान र समयमा तय गरिएकोले उपस्थितका लागि निर्देशानुसार सादर अनुरोध छ ।

बैठकका एजेण्डाहरु:
१. आगामी आ.व.०८१/८२ को बजेट तथा कार्यक्रम सम्बन्धमा।
२. चालु आ.व.०८०/८१ मा हस्तान्तरण हुने समानिकरण अनुदानको न्यून निकासा सम्बन्धमा।
३. चालु आ.व.०८०/८१ का विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयन एवम समिक्षा सम्बन्धमा।
४. विविध।

.............
ई.राजिव रिमाल
प्रमुख प्रशासकीय अधिकृत

तपसिल
मितिः २०८१ वैशाख १८ गते मंगलवार ।
समयः विहान ११ बजे ।
स्थानः पैयूँ गाउँपालिकाको सभाहल ।

"कृषि, प्रविधि, पर्यटन र पूर्वाधार- पैयूँबासीको समृद्धिको आधार"

CS Scanned with CamScanner